सान्नीत्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
मेहलमुडी, कालीकोट।

# गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

प्रस्तुत मितिः २०८२/०३/१०

पारित मितिः २०८२/०३/१०

सान्नीत्रिवेणी गाउँपालिका

२०८२

## सान्नीत्रिवेणी गाउँपालिका अध्यक्ष श्री मोहन बहादुर के.सी बाट सान्नीत्रिवेणी गाउँपालिकाको सोह्रौं गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

१० असार २०८२

सम्मानीत गाउँसभा उपस्थित,

गाउँसभाका सम्पूर्ण सदस्यहरु,

सभाका सचिव तथा सबै कर्मचारीहरु,

सामाजिक सञ्जालको प्रत्यक्ष प्रशारणवाट जोडिनु भएका विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, समाजसेवी तया बुद्धिजीविहरु, पत्रकार, सुरक्षाकर्मी, सम्पूर्ण कर्मचारीहरु, स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण सान्नीत्रिवेणी आमा बुवा, दाजुभाई तथा दिदि बहिनिहरु,नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम गाउँ कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सान्नीत्रिवेणी गाउँपालिकाको यस सम्मानित गाउँसभाको १६ औं अधिवेशनमा पेश गर्न पाउँदा गौरवको महसुस गरेको छु । यस गौरवपूर्ण अवसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण एवंम् शहिदहरु तथा बेपत्ता, घाइते र पीडित नागरिकहरुलाई उच्च सम्मानभाव व्यक्त गर्दै सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्तम शासन व्यवस्था सहितको अग्रगामी परिवर्तन ल्याउन भौतिक अभौतिक रुपमा योगदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, लेखक, विद्यार्थी, शिक्षक, कर्मचारी, कुटनीतिक नियोग, गैर सरकारी संघ संस्था र अन्तर्राष्ट्रिय समूदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै अन्तर हृदय देखि नमनका साथै कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची भित्र रहेर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनुरूप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षालाई पूरा गर्न सान्नीत्रिवेणी गाउँपालिकाले आफ्नो राजनीतिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेकै छ।

स्थानीय तहहरु आर्थिक रुपमा आत्म निर्भर नहुनु, राजस्वको अधिकार र खर्च जिम्मेवारीमा रहेको ठुलो अन्तर (Fiscal Gap) पूरा गर्न प्राप्त हुने अन्तरसरकारी वित्तीय सहायताको सुनिश्चतता नहुनु, कर्मचारी तथा जनप्रतिनिधिहरूबीच कानूनी ज्ञानका सम्बन्धमा विमेल सिर्जना हुनु,प्रतिवद्धता अनुरुपको रकम प्राप्त नहुनु, कर्मचारीको प्रभावकारी व्यवस्थापन नहुँनु जस्ता कारणले अझै सोचेजस्तो उपलब्धि हासिल गर्न नसकेको तितो यथार्थ हामिसामू रहेको छ।

**सभा सदस्यज्यूहरु,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न विषयगत ऐन नियमहरु, नेपालको स्रोह्रौं योजना, दिगो विकासको लक्ष्यहरु, कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय आवधिक योजना, संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न समयमा जारी भएका नीति, मार्गदर्शन तथा सुझाव, स्थानीय तहको योजना तर्जुमा दीघदर्शन, २०७८, यस गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहिताको परिधिभित्र रही राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णय, गाउँ कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय, आम नागरिक, बुद्धिजिवि र सरोकारवालाहरुबाट प्राप्त सुझाव, जनताका आवश्यकता, हाम्रो राजनीतिक प्रतिवद्धता समेतलाई ध्यानमा दिइ योजनावद्ध विकासको अवधारणा अनुसार आगामी आ.व. २०८२/०८३ का साथै दीर्घकालिन लक्ष्य सहितको सान्नीत्रिवेणी गाउँपालिकाको सोच तथा नीति पत्रको रुपमा यो नीति तथा कार्यक्रम निर्माण गरिएको छ।

**सभा सदस्यज्यूहरु,**

अव म यस सम्मानित सभामा हाल सम्म गरिएका मुख्य उपलब्धीहरू संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ लाई आधार मानी रु. १० लाख भन्दा बढीका आयोजनाहरूलाई ठेक्का प्रणालीमा आवद्ध गरिएको छ ।
- सान्तीघाट देखी गाउँपालिका सम सडक स्तरोउन्नती कार्यको ठेक्काबाट काम सूचारू भैरहेको ।
- ९ नं.वडा कार्यालय भवन निर्माण,गभर्नर आधारभूत बिद्यालयको भवन निर्माण, प्रशासकीय भवन निर्माण अन्तिम चरणमा रहेको
- लूयाँटा देखी रकु सम्मको सडक निर्माण योजनाहरूको बिभिन्न चेनेजमा ठेक्काबाट काम सूचारू भैरहेको ।
- नेपाल रेडक्रस सोसाइटी ,हुरूण्डेक नेपाल र यस गाउँपालिकाको साझेधारीमा खानेपानी तथा स्वास्थ्य ईकाइ भवन निर्माण कार्यको काम भैरहेको ।
- बाली संरक्षण कार्यक्रम अन्तर्गत ६० जना कृषक लाइ प्रत्यक्ष  बाली संरक्षणरण सामाग्रीहरु र करिब २०५ जना कृषकहरुलाइ प्राविधिक सल्लाह सुझावहरु दिइएको छ ।
- १५०० जना कृषकहरुलाइ उन्नत तरकारी बिउबिजन वितरण गरिएको छ ।
- हरित विधालय कार्यक्रम अन्तर्गत विधालय फलफुल बगैचा बिस्तार तथा तालिम सन्चालन गरिएको छ ।
- फलफुल विरुवा वितरण कार्यक्रम अन्तर्गत ९४५ कागतीका विरुवा वितरण गरिएको छ ।
- कृषि उपज बजार निर्माण कार्यक्रम अन्तर्गत कृषि खुद्रा बजार निर्माण कार्य भइरहेको छ
- जनसङ्ख्याको कम्तीमा ६० % लाई नियमित स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- स्थानीय पाठयक्रम तयार भई लागू भएको छ ।
- कृषि उपज बजार निर्माण कार्यक्रम अन्तर्गत कृषि खुद्रा बजार निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- शिक्षा अन्तर्गत २ वटा आधुनिक विज्ञान प्रयोगशाला (पंचदेवल मा.वि र डाँफे मा.वि) स्थापना गरिएको छ।

- वडा नं ७ र ८ मा वालविवाह निशेधित वडा  घोषणा  गरिएको छ।
- स्थानीय उद्यमीहरुको प्रवद्धनका लागि साझा सुविधा केन्द्र स्थापना गर्ने कार्य सुरु भइरहेको छ ।
- समुहमा आवद्ध महिलाहरुलाई सीपमुलक तालिम दिई आय आर्जका क्रियकलापमा सहभागी गराई आत्मनिर्भर गराउ उद्यमशिलता तालिम प्रदान गरिएको छ ।
- गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान हुने सेवा सुविधालालाई  प्रभावकारी, छिटो समयमै सम्पन्न गर्ने नविनतम् अभ्यासको थालनी  भएको छ ।
- आन्तरिक राजश्वमा बृद्धि भईरहेको छ ।
- लक्षित वर्गका कार्यक्रमहरु कार्यान्वयनमा ल्याईएको छ ।
- यस पालिकाद्वारा ९८ प्रकारका औषधीहरू निशुल्क रुपमा वितरण गरिएको छ ।
- गर्भवती महिलाको लागि USG Mechine सञ्चालनमा रहेको ।
- जेनेरेटर, X- Ray Mechine, खरिद गरी सञ्चालनको अन्तिम चरणमा रहेको छ ।
- लैंगिक समानता र सामाजिक समावेशिकरणको (GESI) क्षेत्रमा अधिक कार्यहरू भएका छन् । महिला तथा किशोरीको सीप विकास तथा स्वरोजगारको लागि विभिन्न सीपमूलक विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिएको छ ।
- एक घर एक धाराको अवधारणा अनुसार हाल सम्म ९५५ घरधुरीमा खानेपानीको पहुँच सम्पन्न भएको छ ।
- सुरक्षित मातृत्व कार्यक्रम, बाल स्वास्थ्य कार्यक्रम किशोरी स्वास्थ्य कार्यक्रम, निःशुल्क स्वास्थ्य चेकजाँच, औषधी वितरण, होम भिजिट, टीबी, कुष्ठ, एचआईभी/एड्स, कुपोषण, मलेरिया, डेंगु जस्ता रोगको पहिचान, उपचार र अनुगमन, स्वास्थ्य शिक्षा तथा जनचेतना विस्तार जस्ता क्रियाकलापहरू सञ्चालन भएका छन् ।
- न्यायिक समितिका गतिविधिहरूमा उल्लेखनिय सुधार गरिएको छ । सबै वडामा मेलमिलाप केन्द्र गठन गरि मेलमिलापका क्रियाकलापहरूलाई उदेश्यमुखी बनाइएको छ । न्यायिक अभिलेखहरूलाई वैज्ञानिक र व्यवस्थित बनाइएको छ । साथै हालसम्म सहजका लागि १ जना अधिवक्ताको पनि व्यवस्था गरिएको छ ।

त्रिवेणी गाउँपालिका

- बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न  गाउँपालिकामा एक ड्याम्पीङ्ग साइट निर्माण भई सञ्चालन भइरहेको छ ।
- गाउँपालिकामा रहेको एकमात्र (स्काभेटर) लाई नियमिति रुपमा सञ्चालन गरी आम्दानीको मुख्य आय स्रोत बढेको छ । यसलाई निरन्तरता दिइनेछ ।
- स्वच्छ पानीको परीक्षण गर्नको लागि किटको पहिचान मेसिनको व्यवस्था गरिएको छ ।

**सभा सदस्यहरू**

**अब म  यस गरिमामय गाउँसभामा आर्थिक बर्ष २०८२/०८३ को निति तथा कार्यक्रम प्रस्तुत गर्दछू ।**

"आज हुने काम आजै गरौ, सेवा ग्राहीको असहजतालाई मनन् राखौ !" **भन्ने मुल नाराका साथ यस गाउँपालिकाले आगामी वर्षको नीति तथा कार्यक्रममा निम्न विषयलाई प्राथमिकतामा राखिनेछ ।**

- आत्मनिर्भर उद्यमशिल रोजगार मुलक जनशक्ति निर्माण गरिने ।
- बालमैत्री, अपाङ्गमैत्री, संरचनाको निर्माण गरिने ।
- सबै नागरिकको घरमा खानेपानी पहुँच पुर्याइने ।
- औधोगिक ग्राम क्षेत्र निर्माण गरिने ।
- कृषिमा आत्मनिर्भर बनाउन सिचाईमा पहुँच विस्तार गरिने ।
- पूर्ण सरसफाई युक्त, बालश्रम मुक्त, बालविवाह मुक्त गाउँपालिका घोषणा गरिने ।
- पालिकाकाका युवा विद्यार्थिहरुलाई गुणस्तरीय शिक्षा मार्फत सान्नीत्रिवेणी गाउँपालिकामै  टिकाउने र सिकाउने ।
- सबै नागरिकहरुलाई स्वस्थ, सभ्य र अब्बल बनाइने ।
- कार्यालयका सम्पूर्ण कार्यहरूलाई डिजिटालाइजेसन गर्दै पेपरलेस गाउँपालिका कायम गरिने ।

- ➢ आरामदायी यातायातका लागि सडकको स्तरउन्नी संगै कालोपत्रे तथा आर सि.सि सडक बनाइने ।
- ➢ मुख्य बजार क्षेत्रहरुलाई स्मार्ट सिटिको रुपमा विस्तार गरिने ।
- ➢ आन्तरीक राजश्वको दायरा बढाउदै राजश्वलाई प्रभावकारी रुपमा संकलन गर्ने ।
- ➢ सबै नागरिकको स्वास्थ, सामाजिक सुरक्षा लगाएत सेवा प्रवाह घर घरमा प्रदान गर्ने ।
- ➢ आन्तरिक आय वृद्दि गर्ने पर्यटकीय गन्तव्य स्थल बनाई प्रवद्धन गर्ने ।
- ➢ सुशासन तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शी कायम गर्दै मुस्कान सहितको सेवा प्रवाह गर्ने।

**सभा सदस्यहरू**

**अब म आगामी वर्षका क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।**

**कृषि**

- सामूहिक तथा व्यावसायिक कृषि उत्पादन प्रणालीको प्रवर्द्धन गरिनेछ ।
- सान्नीत्रिवेणीको कृषि क्षेत्रलाई आधुनिकिकरण,यान्त्रीकरण, व्यवसायीकरण, विविधिकरण गरि खाद्यमा आत्मानिर्भर सान्नीत्रिवेणी बनाई रैथाने अन्न, फलफुल र तरकारी निर्यात गर्न सक्ने नीति अवलम्वन गरिनेछ ।
- स्थानीय बीउँबिजन, मल तथा बजार पहुँचको वातावरण सिर्जना गरिनेछ ।
- उच्च मुल्यका बालीहरुको प्राविधिक सम्भाव्यताको आधारमा प्रति वडा एक साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) स्थापना गरी कृषकहरुलाई आधुनिक तथा व्यवसायिक खेती तर्फ उत्प्रेरित गरीनेछ ।
- रैथाने बाली संरक्षण गरि स्थानीय स्तरमै खाद्य सुरक्षाको सुनिश्चितता गरिनेछ ।
- कृषिमा महिला, युवा र सिमान्तकृत वर्गको समावेशी सहभागिता बढाइनेछ ।
- किसानलाई सहज बीउ, मल, प्रविधि र बजारको पहुँचमा जोड्ने प्रयास गरिनेछ ।
- कृषक सहकारी तथा समूहहरूलाई सशक्त बनाएर कृषि प्रणालीलाई दिगो बनाइनेछ ।
- एक घर एक करेसाबारी कार्यक्रमलाई कार्यान्वयन गरिनुका साथै बेमौसमी तथा व्यवसायिक तरकारी खेतिको पर्वर्द्धन गरिनेछ ।

- सान्नीत्रिवेणी गाउँपालिकाक्षेत्रभित्रका सबै बाजो जमीनमा कृषकलाई आत्मनिर्भर गराउनको लागि टिमुर, ढोटेलो उत्पादनमा जोड दिई त्यसको बजारीकरणको लागि आवश्यक पहल गरिनेछ।
- रसायनिक मल, कृषि यन्त्र, कृषिजन्य समाग्रिहरु र तरकारी तथा खाद्यान्न बालीका उन्नत बीउँबिजन कृषकहरुलाई अनुदानमा वितरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- कृषि योग्य भुमिको पूर्ण उपयोग सुनिश्चित गर्न गाउँपालिका भित्र रहेका कुनै पनि कृषि योग्य जमिन बाँझो राख्न दिईने छैन। बाँझो जमिनमा खेती गर्न चाहने जो कोही कृषकहरुलाई असल कृषि अभ्यास तथा जलवायु स्मार्ट कृषि कार्यक्रम संचालन गरी अनुदान दिने व्यवस्था मिलाईनेछ।
- कृषि तथा पशुपन्छी बीमा र खेतीयोग्य जमिनको माटो परिक्षण कार्यलाई निरन्तरता दिईनेछ।
- नमुना कृषि फर्म स्थापना कार्यक्रम संचालन गरिनेछ र गाउँमा उत्कृष्ट कृषि व्यवसाय गर्ने कृषकलाई पुरुस्कृत गरिनेछ।
- कृषि उपजहरुलाई सहजरुपमा बजार सम्म पुर्याउनका लागि कृषि उत्पादन क्षेत्रहरु सम्म जोडने सडक तथा अन्य पुर्वाधारहरुको विस्तार गरिनेछ।

**पशु विकास**

- पशुपालन व्यवसायलाई थप गुणस्तरीय र उत्पादनमुखि बनाउन पशु उपचारात्मक सेवालाई प्रभावकारीरुपले निरन्तरता दिईने छ।
- पशुपालक कृषकहरुको आयस्तर वृदि गर्न सीपमुलक पशुपालन सम्बन्धि तालिमको ब्यबस्था गरिनेछ।
- पशु स्वास्थ सुधार र दिगो पशुपालन व्यवसायलाई सुनिस्चित गर्न महामारी तथा संक्रामक रोगहरु जस्तै रेबिज, पी.पी. आर्. खोरेत, लम्पी स्किन रोग, रानिखेत, आदिको प्रकोप न्यूनीकरण गर्न खोप अभियान संचालन गरिनेछ।
- पशु पोषणमा सुधार ल्याई पशुपंक्षिको उत्पादनमा वृद्धि गराउन उन्नत जातका पोसिला डाले तथा भुई घाँसहरु वितरण गरिनेछ।

- पशुहरुको उत्पादनमा वृद्धि गर्न बाँझोपन लगायत अन्य प्रजनन समस्याको निदान गरेर निवारण गर्नको लागी बाँझोपन निवारण शिबिरको आयोजना गरिनेछ ।
- पशुपन्छी उपचार सेवाको पहुँचबाट टाढा रहेका पशुपंक्षिहरुको उपचारका लागि एकिकृत घुम्ति पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- रैथाने पशुपंक्षिको नश्लको संरक्षण गर्न स्थानिय जातको भाले पशुको व्यवस्थापन गरि कृषकलाई पोत्साहन गरिनेछ । साथै उन्नत जातको भाले पशुको विर्य ल्याएर कृत्रिम गर्भाधानको कार्यलाई प्राथमिकता दिईनेछ ।
- पशुपन्छी व्यवसायको सम्भावनाका आधारमा प्रत्येक वडामा पशु विशेषका उत्पादन क्षेत्र (पकेट क्षेत्र) घोषणा गरी सोही अनुसार पशु विशेष उत्पादन कार्यक्रम संचालन गरिनेछ ।
- पशुपन्छीजन्य उत्पादनको परिमाण यकिन गरी संकलन केन्द्रको स्थापना गरेर प्रशोधन तथा बजारीकरणको लागी निजि तथा सहकारी क्षेत्रसंग समन्यव गरेर पशुपन्छीजन्य उत्पादनको बजारीकरणको सुनिस्चितता गरिनेछ।
- पशुपक्षिमा लाग्ने रोगहरुको निदान गर्न आधारभूत भेटेरिनरि प्रयोगशालाको व्यवस्थापन गरि प्राविधिकहरुलाई उचित तालिमको व्यवस्थापन गरिनेछ।
- रेबिज रोगको जोखिमलाई न्यूनीकरण गर्न सामुदायिक कुकुरहरुमा निशुल्क खोप तथा वन्ध्याकरण शिविरलाई निरन्तरता दिइनेछ।
- निर्वाहमुखी पशुपन्छीपालन कार्यक्रमलाई व्यवस्थित तथा व्यवसायिक गर्दै लगिनेछ।
- मागमा आधारित पशुपन्छी विकास कार्यक्रम संचालन गरिनेछन।
- पालिकामा एउटा कोल्ड स्टोर संचालनमा ल्याउनको लागि आवश्यक पहल गरिनेछ ।
- दुग्द उत्पादक कृषकहरुलाई प्रोत्साहन गर्ने समुह, सहकारी,तथा निजि क्षेत्रसंगको सहकार्यमा दुग्ध डेरी स्थापना गर्नका लागि अनुदान उपलब्ध गरिनेछ ।
- स्थानीय व्यक्तिहरुलाइ प्राविधिक सिप दिई ,प्राविधिकहरु कृषकको गोठ तथा फर्ममा पुगी पशुपंछी सम्बन्धि सेवा दिने व्यवस्था मिलाईनेछ ।
- स्थानीय कुखुरा,चाखुरा,कालीज पालनलाई व्यवसायिक गर्नका लागि कृषकलाई फर्म विकासका लागि प्रोत्साहन गरिनेछ ।

- दुध,मासु,अण्डामा आत्म निर्भर हुन पशुपंछी व्यवशायलाई प्रवद्र्धन गरिने नीति लिईने छ।
- कृषि समुह तथा कृषि सहकारी मार्फत कृषि तथा पशुजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिवृद्धिमा जोड दिइनेछ।
- पशुपंछीमा हुने विभिन्न किसिमको जोखिम न्यूनिकरण गर्न पशुपंछी विमा कार्यक्रमलाई प्रभावकारी बनाउन चेतनामूलक कार्यक्रम संचालन गरिने छ। पशुपंछी विकास शाखा बाट संचालन हुने अनुदानका कार्यक्रममा विमा अनिवार्य गरिने नीति लिईने छ।
- साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई घाँस, गोठ, खोर निर्माणमा विषेश सहुलियत दिने व्यवस्था मिलाईनेछ।
- पशुपन्छीहरुको उपचारका लागी पशुपन्छी उपचार केन्द्र विस्तार गरिनेछ।
- पशु नश्ला सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ। पशु आहारका लागि घाँस खेती कार्यक्रम संचालन गरिनेछ।
- गाउँ क्षेत्रभित्र पशुपंक्षि फर्म, मासु पसल,एग्रोभेटहरु दर्ता गरी नियमन गरिनेछ।
- स्वच्छ, स्वस्थ मासु उपभोक्तासम्म पुऱ्याउनका लागि उपयुक्त स्थानमा आधुनीक पशु बधशाला निर्माणका लागि पहल गरिनेछ।
- ५ वटा भन्दा बढी भैसी पाल्ने र ६० वटा भन्दा बढी भेडा पाल्ने व्यक्तिलाई सम्मानस्वरुप गोठालो भत्ताको लागि आवश्यक प्रवन्ध गरिनेछ।

**सहकारी**

- सहकारीको माध्यमवाट स्थानीय स्रोत श्रम, साधान सीप र पूँजीको अधिकतम परिचालन गरी रोजगार सिर्जना गर्दै आर्थिक, सामाजिक रुपान्तरण गरिने छ।
- स्थानीय उद्यमशिलता, सीपबिकास र स्थानीय श्रोत साधनको उपयोग सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धीकार्यक्रम संचालन गरी गरीवी न्युनिकरण गरिने छ।
- संवैधानिक व्यवस्था अनुसार सरकारी, सहकारी र निजी गरी तिन खम्वे अर्थ नीति कार्यान्वयन गर्दैं समृद्ध सान्नीत्रिवेणी गाउँपालिका निर्माणका लागि लगानी मैत्री गाउँपालिका बनाउन पहल गरिनेछ।

## पर्यटन  तथा संस्कृति

- सान्नीत्रिवेणी गाउँपालिका भित्र पर्ने ऐतिहासिक, सामाजिक, सांस्कृतिक,धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- त्रिवेणी पाटनमा पर्यटकहरुलाई आकर्ष गर्न लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरी  एकिकृत बृहत् पार्क निर्माण गर्ने कार्यलाई अगडी बढाइनेछ। साथै हाल निर्माण गरिएका भौतिक संरचनाहरूलाई संरक्षण गर्नको लागि गाउँपालिकाबाट आवश्यक प्रबन्ध मिलाइनेछ।
- गाउँपालिका भित्र रहेका ऐतिहासिक सान्नीत्रिवेणी दरबार, पञ्चदेवल, बड्डामाणु थान, डाँडामाणु, कालाशिल्ला , ठिगेल्नि देवी,गडुलस्नानी, महादेवमाडु लगायत धार्मीक तथा साँस्कृतिक पर्यटकिय क्षेत्रको रुपमा विकास गरी आन्तरिक तथा बाहिय पर्यटकको गन्तब्य स्थल बनाईनेछ।
- परम्परागत लोपउन्मुख पञ्चेबाजा, लोकबाजा, देउडा खेल, हुड्के नाँच, झोडा नाँच, भारी खेल, मागल जस्ता परम्परागत लोकगित, लोकसांस्कतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण र सम्वर्धन गरिनेछ। सथै सम्पूर्ण जनप्रतिनिधि कर्मचारी र समूदायलाई समेट्ने गरी भिडियो डकुमेन्ट्रि निर्माण गरिनेछ।
- धार्मिकस्थल बडिमालिका जाने सडक निर्माणका लागि विस्तृत परियोजना तयार गर्नका लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।
- यस सान्नीत्रिवेणी गाउँपालिकाभित्र रहेका पाण्डव धाराहरूको संरक्षण तथा प्रवर्धनको लागि विषेश पहल गरिनेछ।

## श्रम तथा रोजगार

- स्थानीय स्तरमा आवश्यक दक्ष श्रमिकहरुको आवश्यकतालाई परिपुर्ती गर्न स्थानिय पुर्वाधार निर्माणमा स्थानीय जनशक्तीलाई प्राथमिकता दिई कार्यस्थलमा आधारित सिप विकास तालिम संचालन गरिनेछ।
- स्थानिय तहमा श्रम तथा रोजगार शाखालाई संस्थागत संरचनामा आवद्ध गरिनेछ। श्रम तथा रोजगार सँग सम्बन्धित उद्यम विकास तथा सिप विकास कार्यक्रमलाई एकद्धार प्रणालीबाट संचालन गरिनेछ।

- रोजगार सेवा केन्द्र द्धारा संचालन हुने कार्यक्रमहरु राष्ट्रिय रोजगार कार्यक्रम, रोजगार प्रवर्द्धन कार्यक्रम, सुरक्षित आप्रवासन(SaMi)कार्यक्रम, कर्णाली मुख्यमन्त्री रोजगार कार्यक्रम, वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरीने कल्याणकारी सेवाहरुको कार्यान्वयन, वैदेशिक रोजगारीमा गएका र जान चाहने व्यक्तिहरुका लागि व्यक्तिगत श्रम स्विकृती तथा पुन श्रम स्विकृतीमा सहजिकरण, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा सहजिकरण लगाएत श्रम तथा रोजगारसँग सम्बन्धीत अन्य कार्यक्रमहरु संचालन तथा कार्यान्वयन गर्न हाल रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिदै थप जनशक्ति व्यवस्थापन गरिनेछ ।
- दरबन्दीमा रहेका अस्थायी करार तथा ज्यालादारी कर्मचारी तथा श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।
- भारत लगायत बैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनिहरुका परिवारमा आइरेहको विखण्डन रोकी पारिवारिक मिलन कायम गर्न रचनात्मक कार्यक्रम संचालन गरिनेछन्। अनौपचारिक रोजगारीको शिलसिलामा भारतमा रहेका श्रमिकहरुको तथ्याङ्क राख्न तथा श्रमलाई सुरक्षित,मर्यादित र उपलब्धिमुलक बनाउन विभिन्न कार्यक्रम संचालन गरिनेछन् ।
- विभिन्न देशबाट फर्किएका युवाहरूलाई रोजगारी सिर्जना गर्नको लागि प्रत्येक वडाबाट विवरण संकलन गरी निजहरूलाई रोजगारी क्षेत्रमा आवद्ध गर्नको लागि आवश्यक पहल गरि कार्यक्रमहरू तय गरिनेछ ।
- स्थानिय स्तरमा रहेका रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान तथा क्षेत्रगत उपयोग योजना तयार गरिनेछ। पशुपालन तथा कृषि ब्यवसाय गर्ने उद्यमीहरुलाई प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ।

**उद्योग तथा वाणिज्य**

- वृहत्तर आर्थिक समावेशिता तथा उद्यमशिल सस्कृतिको विकास गर्दै स्थानीय तहमै रोजगारीको अवसर सृजना गरिनेछ।
- लघु घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्धनका लागी संघ प्रदेश तथा स्थानिय तह संग सहकार्य गरिनेछ।

- लघु घरेलु तथा साना उद्योगमा सिमान्तकृत समुदाय तथा क्षेत्रलाई मुलप्रवाहिकरण मा आवद्ध गरिनेछ।
- उद्यम शाखा बाट दैनिक प्रवाह हुने उद्योग सम्बन्धी सेवा प्रणाली लाई थप व्यवस्थित बनाई नगरिक सेवा प्रदान गरिनेछ।
- घरेलु तथा साना उद्योगको उत्पादनको बजार प्रवर्दन मा सहयोग पर्याउन निजी क्षेत्र सरकारि क्षेत्र र स्थानिय तहको सहभागितामा विभिन्न स्थानमा विक्री केन्द्र,कोशेली घर, सौगात गृह उद्यम घर. साझा सुबिधा केन्द्र स्थापना र विकासमा जोड गरिनेछ।
- सान्नीत्रिवेणीमा एक उद्योग स्थापना सहित आद्योगिक ग्रामलाई व्यवस्थित रुपमा कार्यन्वयनमा ल्याइ रोजगारी सिर्जना गर्दै आर्थीक विकासमा टेवा पुर्याउने नीति लिइने छ।
- काठ उद्योग, कागज उद्योग, र अम्ला प्रशोधन जस्ता कार्यलाई प्राथमिकता दिइनेछ।
- गाउँपालिका भित्र व्यवसायिक रुपमा सञ्चालनमा रहेका होटल तथा पसलहरुको अनुगमन तथा नियमन गर्ने नीति अवलम्बन गरिनेछ र अत्यावश्यक उपभोग्य वस्तुहरुको मूल्यमा एकरुपता कायम गरिनेछ ।
- वडा र गाउँपालिकामा ऋतु अनुसारको हाडबजार, कृषिमेला र पशुमेला सञ्चालन गरिनेछ। सबैभन्दा उत्कृष्ट हुने कृषकलाई उचित पुरस्कार सहितको सम्मान कार्यक्रम गरिनेछ।
- स्थानीय श्रम, सीप, प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग स्थापना गर्ने नीति लिइनेछ।
- स्थानीय कच्चा पदार्थ तथा सीपमा आधारित श्रममूलक उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**स्थानीय सडक , भवन तथा पुल**

- गाउँपालिकाका अन्तर्गतका बन्न बाँकी वडा भवन निर्माण कार्यका लागि संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरी हाम्रै कार्यकालमा सबै वडाहरूको भवन निर्माण कार्य सम्पन्न गरिनेछ।

- चालु आ.व.का अधुरा, क्रमागत योजनाहरु, आयोजनाको निरन्तरता र नयां आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ।
- यस गाउँपालिकाको केन्द्र सान्नीत्रिवेणी जोडने सडक रकु - लूयाँटा - मेहलमुडी जोडनको लागि विस्तृत अध्ययन गर्दा लाग्ने खर्च रकम बिनियोजित गरि संघ सरकार र यस गाउँपालिकाको समपूरक अनुदान बजेटबाट साउन २० भित्र ठेक्का आव्हान गरिने छ ।उक्त सडक निर्माण कार्यलाई हाम्रै कार्यकालमा सम्पन्न गरिनेछ।
- ऐजुरु डाँडाँ देखि दुन्लेसम्म सडक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
- मुम्रा - डाडुके -छापे हुँदै त्रिवेणी पाटन सम्मको सडक निर्माण कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण IEE अध्ययन गर्नको लागी बजेट व्यवस्थापन गरिने छ।
- गाउँपालिकाका नदिनाला तथा खोलाहरूको ढुङ्गा गिट्टि तथा वालुवा उत्खनन्न बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड बनाई सोही आर्थिक वर्षबाट कार्यन्वयन गरिने छ।
- यस सान्नीत्रिवेणी गाउँपालिकामा भवन निर्माण सम्वन्धि नक्सा पास कार्यबिधि बनाई लागू गरिने छ।
- सबै प्रकारका सडकहरूको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण हुनेगरी गाउँ यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।
- योजनाहरूको गुरू योजना बनाई योजना सम्वन्धि अनलाईन प्रकृयाँको थालनी गरिने छ।
- गाउँपालिकाका सडकहरू रकु -सेरिज्यूला-लुसा -रकु ,सान्तीघाट -गाउँपालिका र तुसार खोला मुम्रा चौर हुदै गाउँपालिक सम्म तथा गाउँपालिकादेखि त्रिवेणीपाटन सम्म सडकको लगतकट्टा गरि व्यापार उद्योग तथा निर्माण व्यवसायीकहरूलाई आर्थिक स्थर जोड दिन पहल गरिने छ।
- गाउँपालिका भित्रका सम्पुर्ण गोरेटो र घोरेटो बाटोलाई पि.सि.सि र आर.सि.सि बनाईनेछ ।
- यस गाउँपालिकाका अधिकांश बस्तीहरुमा सडक सञ्जालले जोडिईसकेकोले उक्त सडकहरुलाई स्तरोन्ती गर्नका लागि पहल गरिनेछ।

- आगामी आर्थिक वर्ष २०८४।०८५ को लागि संघ सरकार र प्रदेश सरकाबाट माग्ने योजनाहरूको आवश्यक पर्ने सडक भवन निर्माणको लागि आवश्यक पर्ने डिपिआर र प्रारम्भिक वातावरणीय मूल्यांकनका लागि बजेट सुनिश्चित गरिने छ ।
- **"आवश्यकता र प्रतिफल"** भन्ने नीतिका आधारमा सबै वडाहरुमा विकास निर्माण कार्यलाई अगाडी बढाईनेछ ।
- विभिन्न पूर्वाधार निर्माण योजनाहरुको नियमित संचालन गर्न मर्मत सम्भार, संचालन र ब्यवस्थापनको लागि **गाउँ मर्मत सम्भार कोष संचालन** गरिनेछ र बास्तविक आवश्यकताको आधारमा योजनाहरुको मर्मत संचालन गरिनेछ।
- यस गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयका शिक्षक र विद्यार्थिलाई विमा कार्यक्रममा आवद्ध गर्न आवश्यक पहल गरिनेछ ।
- छिमेकी पालिका राष्कोट नगरपालिकासँग सहज आवतजावतका लागि झोलुङ्गे पुल निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।
- सान्नीत्रिवेणी गाउँपालिका वडा नं. १ दवड खेलमैदान देखि सुनथराली इयरपोर्ट सम्मको सडकलाई प्राथमिकता दिई आवश्यक पहल समेत गरिनेछ ।

**सिंचाई**

- सान्नीत्रिवेणी गाउँपालिकाभित्रका खेतियोग्य जमिनलाई सिचाईको पहुँचमा ल्याइनेछ ।
- विगत वर्षको बाढी पहिरोले क्षति भएका सिंचाई कुलाहरुको पुन निर्माण प्रकृयालाई अगाडी बढाइनेछ ।
- विद्यमान सिंचाईका पूर्वाधारहरुको मर्मत सम्भारका साथै थप आयोजनाहरु कार्यन्वयमा जोड दिइनेछ ।
- कृषिका पकेट क्षेत्रहरुका लागि अनिर्वाय सिचाईको सुनिश्चित गर्न आवश्यक संरचना निर्माण गरिनेछ ।

## उर्जा

- कुनैपनि नागरिकलाई विधुत (उज्यालो) बाट बन्चीत वनाईने छैन।
- सान्नीत्रिवेणी गाउँपालिका भित्रका विधुतीकरण हुन बाँकी बस्तीहरुमा विधुत प्रशारण लाइन यथासिघ्र पुर्याइनेछ।
- वडा नं. ८ र वडा नं. ९ को खाडा ओखलढुङ्गा बस्ती र तितेडी लाता दुनिके गाउँबस्तिसम्म विद्युत पुर्याईनेछ।
- वैकल्पीक उर्जाका माध्यमबाट सान्नीत्रिवेणीका मुख्य सडकहरुमा वत्ती जडान कार्य निरन्तरता दिइनेछ।
- सान्नीत्रिवेणीको प्रत्येक घर धुरीमा आधुनिक सुधारिएको चुलो वितरण गरी सोको प्रयोगबाट हुने कार्वन उत्सर्जनको कमीलाई अभिलेखीकरण गरी कार्वन ट्रेडसंग आबद्ध गरिने कार्यको थालनी गरिनेछ।

## सूचना सञ्चार तथा प्रविधि

- डिजिटल पालिका अन्तर्गत डिजिटल प्रोफाईल तयार गरी सेवा प्रवाहलाई एकीकृत प्रणालीसँग आबद्ध गरि यस पालिकालाई प्रविधि मैत्री डिजिटल पालिकामा परिणत गर्ने कार्य अगाडि बढाइनेछ।
- आम नागरिकलाई डिजिटल साक्षरता अन्तर्गत स्थानीय नागरिक,कर्मचारी, जनप्रतिनिधि, स्वास्थ्य संस्था, विद्यालय लगायत सेवा प्रवाहसँग सम्बन्धित पक्षहरूलाई लक्षित गरी डिजिटल साक्षरता (Digital Literacy) सम्बन्धी कार्यक्रम लागू गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- **"डिजिटल पालिका, प्रविधि मैत्री पालिका"** अनुरूप पालिकाको मोबाइल एप सञ्चालन गरि सेवा प्रवाहलाई एकीकृत गरिनेछ, साथै पहिला खरिद भएका तर प्रयोगमा नआएका सफ्टवेयर तथा उपकरणहरूको मर्मत, अद्यावधिक र पुनःप्रयोग गरिनेछ।

- पालिकाबाट प्रदान गरिने सेवाहरू तथा सूचनाहरू अनलाइन मार्फत प्रशारण गरिने छ र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधालाई विद्युतीय प्रणालीबाट अझ प्रभावकारी बनाइनेछ।
- सेवा प्रवाहमा टोकन प्रणाली, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, डिजिटल नागरिक वडापत्र, डिजिटल सूचना पाटी (Digital Notice Board), सामाजिक सञ्जाल लगायत प्रविधिहरूको समन्वयमा सेवा प्रवाह गरिनेछ।
- स्थानिय तहको सेवा प्रवाहलाई व्यवस्थित गर्न सूचना प्रविधिसम्बन्धी कार्यविधि निर्माण गरि सेवा सञ्चालन गरिनेछ।
- स्थानीय तह स्वमूल्यांकन कार्यविधि, २०७७, वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ का सूचकहरूमा आधारित भई राम्रा अभ्यासलाई निरन्तरता दिइनेछ, सुधार आवश्यक क्षेत्र पहिचान गरी क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयनमा तीव्रता ल्याइनेछ। पालिकाबाट सञ्चालन हुने क्रियाकलापहरूमा नवप्रवर्तन (Innovation) लाई विशेष प्राथमिकता दिइनेछ।
- डिजिटल गुनासो व्यवस्थापन प्रणाली स्थापना गरिनेछ जसअन्तर्गत 'हेलो स्थानीय सरकार' कार्यलाई प्रविधि मैत्री बनाइ सेवा प्राप्तिका गुनासो तथा सुझावलाई छिटो समाधान गरिनेछ। यस्तो व्यवस्था वडा तहसम्म विस्तार गरिनेछ।
- अनुगमन प्रणाली, तथ्याङ्क संकलन तथा सुशासन प्रवर्द्धन जस्ता विषयहरूलाई विद्युतीय माध्यमद्वारा बढीभन्दा बढी अनलाइनमा आधारित बनाइनेछ।
- एकीकृत व्यवस्थापन प्रणाली (Integrated Management System) सम्बन्धी कार्ययोजना बनाई पालिकाका विविध सेवा प्रणालीहरूलाई एकीकृत गरि सेवा प्रवाह विस्तार गरिनेछ।
- पालिकामा डिजिटल डाटा सुरक्षा तथा साइबर सुरक्षा सुनिश्चित गर्न नीतिगत व्यवस्था बनाई कार्यान्वयन गरिनेछ। यस अन्तर्गत डाटा ब्याकअप प्रणाली, फायरवाल तथा साइबर सुरक्षा परीक्षण गरिनेछ।

- पालिका अन्तर्गत खुला डाटा प्रणाली (Open Data Portal) निर्माण गरि बजेट, योजना, सार्वजनिक खरिद तथा नतिजामूलक सूचनाहरू सजिलै आम नागरिकलाई उपलब्ध गराउने व्यवस्था गरिनेछ।
- डिजिटल सेवामा पहुँच नभएका पिछडिएको वर्ग, महिला, जेष्ठ नागरिक, तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरि "डिजिटल पहुँच सहायता केन्द्र" स्थापना गरिनेछ।
- शिक्षा क्षेत्रमा सुधार गर्न पालिका क्षेत्रभित्रका विद्यालयहरूमा डिजिटल पुस्तकालय, ई-लर्निङ प्रणाली, स्मार्ट कक्षा तथा ICT प्रयोगशाला स्थापना गरिनेछ।
- युवा लक्षित डिजिटल उद्यमशिलता तालिम, वेब तथा मोबाइल एप विकास, साइबर सुरक्षा तथा नवप्रवर्तन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानिय तह अन्तर्गत रहेको जग्गा, भवन, सडक, तथा सार्वजनिक संरचनाको अभिलेख डिजिटल प्रणालीमा रूपान्तरण गरि अनलाइन पहुँच योग्य बनाइनेछ।
- विद्युतीय सार्वजनिक खरिद प्रणाली (E-Procurement System) विकास गरि पालिकाको सम्पूर्ण खरिद प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र कुशल बनाइनेछ।
- पालिकाको एकीकृत प्रणालीलाई क्लाउड कम्प्युटिङमा आधारित बनाइ सेवा प्रवाहको मापदण्ड बढाइनेछ। सबै वडा तथा सम्बन्धित कार्यालयहरू एकीकृत नेटवर्कमा आबद्ध गरिनेछ।
- पालिकाबाट प्रदान गरिने अनुदान, सहुलियत तथा प्रोत्साहन योजनाहरूलाई डिजिटल प्रणालीमार्फत आवेदन, छानबिन तथा वितरण प्रक्रिया बनाइनेछ जसले पारदर्शिता र समयमै सेवा सुनिश्चित गर्नेछ। साना व्यवसाय, कृषि उद्यम, र नवप्रवर्तन परियोजनाहरूलाई लक्षित गर्दै अनलाइन अनुदान आवेदन पोर्टल स्थापना गरिनेछ।
- सार्वजनिक सेवा प्रभावकारिता मूल्याङ्कन प्रणाली (Service Performance Evaluation System) विकास गरिनेछ, जसबाट नागरिकले सेवा अनुभव मूल्याङ्कन गर्न सक्नेछन्।
- ई-गभर्नेन्स प्रवर्द्धन गर्न पालिकाको सम्पूर्ण नीति, निर्णय, बजेट र योजना कार्यान्वयन स्थिति सार्वजनिक पोर्टलबाट अद्यावधिक गरिनेछ।

- पालिकास्तरमा हुने सार्वजनिक सुनुवाई, बजेट सुनुवाई र सामाजिक परीक्षण कार्यक्रमहरू डिजिटल माध्यमबाट प्रत्यक्ष प्रशारण (Live Streaming) गरिनेछ जसले जनसहभागिता र पारदर्शिता बढाउनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थामा डिजिटलिकरण (Digitalization) लागु गरिनेछ ।\
- सुचना प्रवाह कार्यक्रम SMS Aleart का माध्यमबाट  सबै क्षेत्रमा दुर्त गतिमा सुचना प्रवाह गरिनेछ ।
- सान्नीत्रिवेणी गाउँपालिकालाई सूचना तथा प्रविधि मैत्री गाउँ बनाउनका लागि आवश्यक संरचनाको कार्यसम्पन्न गरिनेछ।
- गुनासो सुनाई कार्यलाई कार्यन्वयन गर्न हटलाइन सेवा सुचारु गरीनेछ ।
- गाउँपालिका भित्रका सबै सेवा कार्यालयहरुका क्रियाकलापहरुमा अनिर्वाय अनलाइन प्रणालीको माध्यमबाट सेवा प्रवाहलाई निरन्तरता दिइनेछ ।
- सेवा प्रवाहका लागि वेभसाइट, फेस बुक, मोबाइल एप्स द्वारा थप सूचना प्रवाह गरिनेछ ।
- कार्यालय तथा विद्यालय समय अवधिदको अधिकतम सदुपयोग गर्न सामाजिक संजालमा (फेस बुक, टिक टक, युवटुव ) रोक लगाईनेछ ।

## वित्तीय क्षेत्र

- वित्तीय संस्थालाई व्यवसायिक कृषि तथा अन्य आयमूलक कार्यमा ऋण लगानी गर्न पहल गरिनेछ ।
- बैंक तथा वितीय संस्थामा सर्वसाधारणको पहुँच सुनिश्चितता गरिनेछ ।
- गाउँपालिका भित्रका वितिय क्षेत्रलाई नियमन गरिनेछ ।
- सान्नीत्रिवेणी गाउँपालिका भित्रको घर जग्गालाई धितो राखी कर्जा प्रवाह गर्नका लागि पहल गरिनेछ ।

## राजश्व

**“कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो”** भन्ने अवधारणाको विकास गर्न स्वयंमकर निर्धारण पद्धति मार्फत करदातालाई दायित्व बोध गराउन कानुनी व्यवस्था मिलाइनेछ ।

- राजश्व प्रणालीलाई अनलाईन प्रणालीमा आवद्ध गरि राजश्व चुहावटलाई पूर्ण नियन्त्रण गरिनेछ।
- ढुङ्गा, गिट्टी, बालुवा तथा वन पैदावरबाट राजश्व संकलन गर्ने नीति लिइनेछ।
- सबैभन्दा बढी कर दाखिला गर्ने वडाहरूलाई अन्य वडाको तुलनामा बजेट विनियोजनमा थप बढोत्तरी गर्ने निति लिइनेछ।
- कर तथा राजश्व तिर्ने नागरिकलाई प्रोत्साहन गर्न करदाताको नामाकरण गरि सबै भन्दा बढी राजश्व तिर्ने र संकलन गर्ने लाई पुरस्कारको व्यवस्था मिलाइनेछ।
- गाउँपालिका भित्र रहेका बस्तु तथा सेवा प्रदायक सबैलाई अनिर्वाय करको दायरामा ल्याइनेछ।

**शिक्षा**

- गुणस्तरीय शिक्षाका लागि शैक्षिक क्रान्तिको अभियानलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भरिका शिक्षक/ शिक्षिका र विद्यार्थीहरूको पोशाकमा एकरुपता ल्याइने छ।
- भोगोलिक दुरी, शिक्षक विद्यार्थी अनुपात, हालसम्मको प्रगति, स्वीकृत दरबन्दीको आधारमा सामूदायिक विद्यालयहरूको मापदण्ड बनाई मर्जरको नीति अवलम्बन गरिनेछ।
- कानूनबमोजिम निश्चित मापदण्ड र कार्यविधि बनाई गाउँपालिकाभित्रका शिक्षकहरूको काज सरुवा गरिनेछ।
- शिक्षण पेशाप्रति इमान्दार, कर्तव्यनिष्ट, लगनशील र उत्तरदायि भई कार्य सम्पादन गर्ने **एक जना प्रधानाध्यापक, एकजना शिक्षक र एक जना शिक्षिका** गरी तीन जनालाई प्रत्येक वर्ष नगद पुरस्कार र प्रमाणपत्र सहित उत्कृष्ट सान्नीत्रिवेणी गाउँ शिक्षक कार्यक्रम संचालन गरिनेछ।
- सामुदायिक विद्यालयमा जनप्रतिनीधि शिक्षक तथा कर्मचारीहरुका छोरा ,छोरी भर्ना गर्ने नीति लिईनेछ।

- विद्यार्थीको सिकाई अभियानलाई प्रभावकारी बनाउन आवश्यकताका आधारमा वैकल्पिक कक्षाहरू सञ्चालन गरिनेछ।
- गाउँ क्षेत्र भित्रका सामूदायिक विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापन कार्य लाइ निरन्तरता दिइनेछ।
- गाउँ क्षेत्रभित्र रहेका सबै बिद्यालयहरुमा सुचना प्रधिविको विकास गरि शिक्षण सिकाई क्रियाकलापहरुलाई प्रविधि मैत्री बनाई सहजता अपनाईनेछ।
- विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहुन भन्ने उद्देश्यले भर्ना अभियान चलाइनेछ र विद्यालय भर्ना भै सकेका बालबालिकालाई पुरै समय विद्यालयमा टिकाउन **"अभिभावक सचेतना तथा विपन्न विद्यार्थी सहुलियत कार्यक्रम"** सञ्चालन गरिनेछ।
- विद्यालय अनुगमन तथा सुपरीवेक्षण नियमित, व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- सान्नीत्रिवेणी गाउँपालिकालाई शैक्षिक हबका रुपमा विकास गर्न उत्कृष्ट सिकाइ वातावरण भएको विद्यालय, सरसफाई युक्त स्रोत साधानको उचित व्यवस्थापन भएको अभिभावकको निरन्तर सहभागिता रहने , निरन्तर समुह कार्य र अतिरिक्त क्रियाकलाप संचालन गर्ने विद्यालयलाइ उत्कृष्ट विद्यालयको रुपम प्रोत्साहन गरिनेछ।
- विद्यालयमा प्रत्येक महिनाको अन्तिम कार्य दिनमा अनिवार्य बैठक वसी सो महिनाको अवस्था विश्लेषण र आउने महिनाको योजनाको विषयमा छलफल गरी सो को अभिलेखीकरण गर्नु पर्ने नीति लिइनेछ।
- विपन्न तथा गरिव परिवारहरुलाई निःशुल्क शिक्षा उपलब्ध गराईनेछ।
- गाउँ भित्र सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये आ.व. २०८२।०८३ भित्र कुनै **तीन वटा** विद्यालयलाई गाउँ नमुना विद्यालय घोषणा गरिनेछ।
- यस गाउँपालिकाको परिवेशअनुसारको स्थानीय पाठ्यक्रम कार्यन्वयन गर्न पाठ्यपुस्तक निर्माण गरी विधार्थीको हातहातमा पुर्याइने छ।
- गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ तथा बाल क्लबहरुलाई सक्रिय बनाउन अभिुखीकरण कार्यक्रम संचालन गरिनेछ। आफ्नो कर्तव्य प्रति लगनशील र निष्ठावान पदाधिकारीहरुलाइ प्रोत्साहन प्रदान गरिनेछ।

- शैक्षिक गुणस्तर उकास्न प्र.अ., शिक्षक, विद्यालयका कर्मचारी र बालबिकास सहजकर्ताहरुका बैठक, तालिम, कार्यशाला र अभिमुखीकरण कार्यक्रममा बढावा दिइनेछ।
- कर्तव्यबाट विमुख, विद्यालयमा मध्यपान तथा धुम्रपान सेवन गर्ने तथा आफ्नो कर्तव्य प्रति गैर जिम्मेबार हुने प्र.अ., शिक्षक, विद्यालयका कर्मचारी र बालबिकास सहजकर्ताहरुलाइ कारबाहीको घेरामा ल्याइनेछ।
- कक्षा ८ को गाउँस्तरीय परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने छात्र छात्रालाई सम्मानित गरिनुका साथसाथै माथिल्लो एक कक्षा अध्ययन गर्न सहुलियत प्रदान गरिनेछ।
- **विद्यालयमा शिक्षक डायरीको अनिवार्य ब्यवस्था गरिनेछ**। सबै विद्यालय शिक्षक तथा कर्मचारीहरुको परिचयपत्रको व्यवस्था गाउँपालिकाबाट गरी विद्यालयमा परिचयपत्र अनिवार्य गरिनेछ।
- गाउँ भित्रका विद्यालयहरुका राम्रा प्रयासहरुको डकुमेन्ट्री तयार गरि प्रचार प्रसार गरिनेछ। विद्यालय स्तरीय र अन्तर विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापलाई नियमित रुपमा सञ्चालन गरिनेछ।
- अन्तर विद्यालयका असल अभ्यासलाई अनुकरण गर्न शैक्षिक भ्रमण गरिनेछ।
- स्वस्थ शिक्षालाई प्रवर्धन गर्न विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन गरिनेछ।
- सिकाइ स्तर कमजोर भएका विद्यालय र विधार्थीलाइ विशेष कक्षा सञ्चालन गर्ने र आवश्यक शैक्षिक सामाग्री सहयोग गर्न गाउँपालिका र संघ संस्थाको साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ।

## युवा तथा खेलकूद

- **"राष्ट्रका र स्वास्थ्यका लागि खेलकुद"** भन्ने मूल नारालाई आत्मसात गर्दै एक विद्यालय एक खेलमैदान कार्यक्रम अगाडी बढाइनेछ।
- सान्नीत्रिवेणी गाउँपालिका वडा नं ९ को मुम्रा फिल्ड मैदानलाई हाइ अल्टिच्युटको क्रिकेट मैदान र वडा नं. १ को दवडलाई फुटबल मैदानको रुपमा विकास गर्न संघीय र प्रदेश सरकारसँग अनुरोध गरी सोका लागि आवश्यक पहल गरिनेछ।

- गाउँ भरीका युवा खेलाडीहरुको क्षमता पहिचान गरी खेलकुद क्षेत्रमा अग्रसर हुन तालिम तथा अन्य अवसरहरु प्रदान गरिनेछ।
- पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जमिन प्रयोगमा ल्याइनेछ।
- गाउँपालिका स्तरीय भलिवल, फुटवल र क्रिकेट खेलको विद्यालय स्तरीय खेदकुद संचालन गरीनेछ।
- खेलकुदलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिपूर्ण बनाउन गाउँपालिकास्तरीय एक जना खेलकुद प्रशिक्षकको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ।
- यवालक्षित कार्यक्रमलाई रोजगारमूलक,सीपमूलक र आय आर्जनमूलक बनाउनको लागि आवश्यक बजेटको व्यवस्थाप गरिनेछ।

**स्वास्थ्य**

- सबै नागरिकलाई समान र पहुँचयोग्य स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।
- **"स्वास्थ्य कर्मीसँग सान्नीत्रिवेणी बासी** " भन्ने मुल नाराका साथ प्रत्येक महिना एक पटक गर्भवती, वृद्धवृद्धा, फरक क्षमता भएका व्यक्तिहरू, बालबालिका र आवश्यकताका आधारमा अन्य व्यक्तिहरूलाई चेकजाँच गरी आवश्यक परामर्श र सहयोग गरिनेछ।
- बिरामी र आपत्कालीन सेवाको उद्दारका लागि एम्बुलेन्सको तुरुन्तै व्यवस्था गरिनेछ।
- प्राथमिक स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ गर्दै ग्रामीण भेगसम्म सेवा विस्तार गरिनेछ।
- डिजिटल स्वास्थ्य सेवा प्रणालीको प्रवर्द्धन गरिनेछ।
- सान्नीत्रिवेणी **अस्पतालबाट** सुत्केरी आमा र वालवालिकाको ज्यानलाई मध्यनजर गरी **विषेशज्ञ सेवा(CS) सहित सामान्य सल्याकृया सेवा प्रवाह** गरि सञ्चालनमा ल्याइनेछ।
- सान्नीत्रिवेणी अस्पताललाई स्वास्थ्य बिमा कार्यक्रमसंग आबद्ध गरी स्वास्थ्य बिमा कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकाको ५ सैंयाँ हस्पिटललाई नेपाल सरकार स्वास्थ्य मन्त्रालय संग समन्वय गरि ठेक्का प्रकृयाँ अगाडी बढाईने छ।

- शहिद परिवार, घाइते तथा अपाङ्गता भएका र विपन्न परिवारलाई विशेष सहुलियत सहितको स्वास्थ्य उपचारको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- नेपाल रेडक्रस सोसाईटी संगको समन्वयमा सान्नीत्रिवेणी अस्पतालमा ब्लड बैंक स्थापना गर्न आवश्यक पहल गरिनेछ।
- सुनौलो १००० दिनका आमा, सुत्केरी र गर्भबतीलाई लक्षित गरी स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ साथै पोषण युक्त वडा घोषणाको कार्यक्रमलाई अगाडि बढाइनेछ ।
- गाउँ क्षेत्रमा स्वास्थ्य वीमा कार्यक्रमलाई वढी प्रभावकारी र आम जनतासम्म पुऱ्याई उक्त कार्यक्रमवाट अधिक लाभ लिनका लागि पहल गरिनेछ ।
- अनियन्त्रित रुपमा विक्री वितरण भईरहेको मदिरालाई नियन्त्रण गरी तोकिएको मापदण्ड बमोजिम मात्र बिक्रि वितरण गर्ने नीति लिइनेछ ।

**खानेपानी तथा सरसफाई**

- सुरक्षित खानेपानी प्रयोग, व्यक्तिगत सरसफाई, फोहोरमैला व्यवस्थापन र सुरक्षित शौचालय प्रयोगका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रका नागरिकहरुका लागि **"स्वच्छ खानेपानी स्वस्थ जिन्दगानी"** भन्ने नारालाई अवलम्वन गदै अल्पकालिन तथा दिर्घकालिन योजना तथा कार्यक्रम निरन्तरता दिइनेछ ।
- **एक घर, एक घारा कार्यक्रमलाई** निरन्तरता दिइनेछ ।
- टोलटोलमा फोहोरमैलाको वर्गिकरण, प्रशोधन एवम् पुन: प्रयोग सम्बन्धी तालिम प्रदान गरि गाउँ टोलमा पूर्ण सरसफाई अभियान संचालन गरिनेछ ।
- सम्बन्धीत टोलमा उपलब्ध जनप्रतिनिधि तथा कर्मचारीको नेतृत्वमा गाउँ प्रहरी सहितको टोल सार्वजनिक स्थल तथा बजार वरिपरीका सरसफाई गर्न कम्तीमा **महिनाको एक पटक सरसफाई अभियान** सञ्चालन गरिनेछ ।
- सान्नीत्रिवेणी गाउँपालिकाको बजार क्षेत्रमा ठोसजन्य फोहोर व्यवस्थापन कार्यको लागि डम्पिङ्ग साईटलाई थप व्यवस्थित गरेर ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।

- पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति र वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिलाई गठन गरी उक्त समितिहरूलाई क्रियाशिल बनाई खानेपानी सरसफाई तथा स्वच्छतासँग सम्बन्धित कार्यहरु सोही समिति मार्फत अगाडी बढाईनेछ।
- पालिकाले जलउपयोग गुरुयोजना अनुसार प्राथमिकीकरण भएका विद्यमान सबैखाले खानेपानी, सिचाईँतथा बहुपयोगी लगायतका जलस्रोतसँग सम्बन्धित योजधत्रनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई खानेपानी तथा सरसफाई ऐन बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई पालिकास्तरमा NWASH Application मार्फत खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली (NWASH MIS) स्थापना गरिनेछ।
- खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली (NWASH MIS) सम्बन्धी कार्य गर्ने जनशक्तीलाई उचित तालिमको व्यवस्थापन गरिनेछ।
- "**मुहान देखी मुख**" सम्म खानेपानीको सुद्धता कायम गर्न परिक्षणलाई अनिवार्य गरिनेछ।
- खानेपानी निर्माण योजनाको डिजाईन सफ्टवेयर खरिद तथा सो सम्बन्धी तालिमको व्यवस्थापन गरिनेछ।
- सान्नीत्रिवेणी गाउँपालिकामा आवश्यकता अनुसार उचित स्थानको पहिचान गरि ढल व्यवस्थापन गरिनेछ।
- एक घर एक धारा मार्फत संचालन हुने सम्पूर्ण योजनाहरुमा प्रभावकारी ढङ्गले शुद्ध खानेपानी प्रदान गर्न क्लोरिनेशन (Chlorination) सम्बन्धी तालिम संचालन तथा ब्लिचिगं पाउडर खरिद गरेर दैनिक रुपमा क्लोरिनेशन (Chlorination) को व्यवस्थापन गर्ने।
- गाउँपालिकामा खानेपानी वितरण प्रणालीलाई व्यवस्थीत एन.वास प्रणालीमा प्रविष्ट गरी एक संयन्त्र वनाई गाउँको स्वमित्वमा लगि वितरण गरिनेछ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई खानेपानी योजना संचालन तथा मर्मत सम्भार सस्बन्धी तालिम प्रदान गरिनेछ।

- बालबिकास केन्द्रहरुमा बालमैत्री शौचालय, स्वच्छ खानेपानी प्रदान गरिनेछ।
- बालबिकास केन्द्रहरुमा ठोस फोहोर व्यवस्थापन गर्न डस्बिन वितरण तथा शुद्ध खानेपानी प्रदान गर्न फिल्टर वितरण गरिनेछ।
- बालबिकास केन्द्रहरुमा अध्ययनरत विद्यार्थीहरुलाई सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

**महिला ,बालबालिका तथा जेष्ठ नागरिक**

- महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण, वित्तीय तथा कानुनी सारक्षता र शसक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ।
- बिपन्न, दलित र अपाङ्गता भएका व्यक्तिहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ |
- अपाङ्गता भएका व्यक्ति तथा अभिभावकहरुका लागि सीप बिकास तथा आय आर्जन र उद्यमशिलतासँग जोड्न विभिन्न तालिम कार्यक्रम संचालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामग्री निशुल्क वितरण गरिनेछ।
- अपाङगता भएका व्यक्तिहरुको हक अधिकारको पैरवी गर्न विभिन्न जनचेतनामुलक एवं कानुनी सचेतनामूलक क्रियाकलाप संचालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरूको वीमा कार्यक्रममा जोड दिइनेछ।
- ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य शिविर संचालन गरी आवश्यक स्वास्थय उपकरण प्रदान गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरू, एकल तथा विधवा महिलालाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता करमा ४५ प्रतिशत छुटको व्यवस्था गरिनेछ।
- बाबुआमा बिहिन बालबालिकाको संरक्षणका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ |
- बालमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडी परेका महिला, दलित, अपाङ्गता भएका व्यक्ति लगायतका वर्ग तथा समुदायलाई सिपमूलक, आयमूलक र रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र वहिष्कारण अन्त्यका लागि लेङ्गिक समानता तथा महिला सशक्तिकरणमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- **"सान्नी त्रिवेणी गाउँपालिकाको सन्देश, जातीय भेदभावको पूर्ण बन्देज"** भन्ने नारालाई आत्मसात गर्दै जातीय भेदभाव उन्मुलनका लागि आवश्यक नीति लिइनेछ।
- अन्तरजातिय विवाह गर्ने जोडिलाई सम्मानस्वरुप पुरस्कारको व्यवस्था गरिनेछ।
- उपाध्यक्षसँग स्मार्ट आमा बच्चा कार्यक्रम मार्फत सुनौलो हजार दिन भित्रका गर्भवति तथा सुत्केरी आमाहरुको स्वास्थ्य संस्थाबाट गर्भ रहेदेखि बच्चा जन्मेको २३ महिनासम्म तोकिए बमोजिमका ५ वटा सुचक पुरा गर्ने आमाहरुलाई एक कार्यक्रम बीच प्रसंशा पत्र र नगद सहित सम्मान गरिने छ।
- **"सान्नीत्रिवेणीको अभिभारा - एकल महिलाहरुलाई सहारा"** अन्तर्गत विभिन्न कारणले एकल जीवन बिताइरहेका महिलाहरुका लागि तथा ४० वर्षभन्दा माथि र ५९ वर्षभन्दा तलका एकल पुरुषलाई  जिविकोपार्जनका लागि विशेष कार्यक्रम संचालन गरिने छ।
- मानसिकरुपमा स्वास्थ बनाउन गाउँपालिकामा मनोसामाजिक परामर्श कर्ता राख्न आवश्यक पहल गरिनेछ।

**समाजिक सुरक्षा ,राष्ट्रिय परिचय पत्र तथा  पञ्जीकरण**

- **"बैंकसँग सामाजिक सुरक्षा कार्यक्रम"** मार्फत हाम्रो सुरु प्रतिवद्धता अनुरुप सेवा प्रदायक वैक संगको सहकार्यमा वडा स्तरवाटै सामाजिक सुरक्षा वापतको भत्ता वितरण गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा राष्ट्रिय परिचयपत्र, बायोमेट्रिक डिभाइस र वेब क्येमराको प्रयोग गरी लाभग्राहिको सहि पहिचान, विवरणको सुद्दता, सहज दर्ता प्रकृया र जैविक विवरणका आधारमा लाभग्राहि प्रमाणिकरण गरिनेछ।
- आगामी आ.व २०८२/०८३ मा सामाजिक सुरक्षा भत्तामा लाभग्राहिको सहि पहिचान गरी दोहोरो भत्ता भुक्तानी रोकिने छ।
- वडा नं १ देखी ९ सम्मका वडा कार्यालयका लागी वेब क्यामेरा खरिद गरी सामाजिक सुरक्षा तथा पञ्जिकरण कार्य प्रभावकारी बनाईने छ ।

- घुम्ती सिभिर संचालन गरी सेवाग्राही सहजिकरण गरिनेछ।
- सबै किसिमका व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गर्न सवै वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी तथा जनप्रतिनिधिहरूलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ।
- गाउँपालिकाका नागरिकहरुलाई राष्ट्रिय परिचय पत्र  वितरण कार्यमा सहजता प्रदान गरिनेछ।
- वडा कार्यालयका सबै सिफारिसहरुलाइ सफ्टवयरको माध्यमबाट अनलाइनद्धारा वितरण गरिनेछ।

**सुशासन तथा संस्थागत विकास**

- प्रत्येक कर्मचारी सँग कार्य सम्झौता गरी त्यसको त्रैमासिक मूल्याकंन गरिनेछ।
- **"परम्परालाई होइन नवीनतालाई कार्यसम्पादनमा जोडौं"** भन्ने मूल नाराका साथ संस्थागत सुशासनमा जोड दिइनेछ।
- सेवा प्रवाहलाई Digitization बनाई प्रविधिमैत्री e-governance को अवधारणालाई व्यवहारमा लागू गरिनेछ।
- नागरिकको सुझाव र गुनासोलाई सम्बोधन गर्नाको लागी हेल्प लाइन सेवाको सुरुवात गरिनेछ।
- कर्मचारीको वृद्धि विकास तथा क्षमता विकासका लागी तालिम प्रशिक्षण र मुल्य मान्यताको विकास गरिनेछ।
- उत्साहित र इमान्दार कर्मचारीलाई प्रोत्साहन तथा सम्मानित गरिनेछ।
- सेवा प्रवाहलाई जनमैत्री र सेवाग्राहिमैत्री बनाउनका लागी कार्यालयमा स्तनपान कक्ष र सोधपुक्ष कक्षको निर्माण गरिनेछ।
- सेवा ग्राहीको सहजताका लागी  स्थानियस्तरमा घुम्तीसेवा , शिविर जस्ता प्रणालीको विकास गरिनेछ।

- पालिका कार्यरत सबै तहका करार कर्मचारीलाई आवश्यकताल  र पालीकालाई पर्ने आर्थिक भार मनन गरी हाल सम्म प्राप्त अपेक्षित उपलब्धिलाई मध्यनजर गरी कार्यसम्पादन मूल्याङ्कनका आधारमा यथाशिघ्र करार कर्मचारीको हेरफेर गरि दरबन्दी अनुसारको मात्र करार कर्मचारी राख्ने नीतिलाई जोड दिइनेछ।
- संघीय र प्रादेशिक नीति अनुरुप दरबन्दीमा रहेका करार कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नको लागि आवश्यक बजेट छुट्याईनेछ।

**वन, वातावरण**

- गाउँपालिकाका सबै वडाहरुमा रहेका सामुदायिक वनरुलाई संरक्षण गर्नका लागि सामुदायिक वन उपभोक्ता समिति गठन गरि क्षमता बिकास गरिने छ। सामुदायिक बनमा भइरहेको चोरी निकासी, तस्करीलाई नियन्त्रण गर्नको लागि यसै आ.व. मा कार्यविधि बनाई लागू गरिनेछ।
- दिगो बिकासका लक्ष्यलाई आत्मासाथ गर्दै वन,वातावरण जलवायु, पास्थितिक जैबिक विविधताको संरक्षण गरि बिकास निमाण गर्न  कार्यलाई अवलम्वन गरिने छ। बन समितिले बन ऐन, नियममा रहेर आफ्नो जिम्मेवारी पुरा गरे/ नगरेको वडा कार्यालयले नियमिति रुपमा र पालिकाले आवश्यकता अनुसार निरन्तर अनुगमन गरिने नीति लिइएको छ।
- **"एक घर अनिवार्य दुई विरुवा"** को  नीति लागु गरिनेछ।
- बाढी पहिरोबाट जोगाउन भू-संरक्षण, तटबन्ध व्यवस्थापन र वृक्षरोपण कार्यलाई अगाडी बढाइनेछ।
- सडक किनारका खाली जमिनमा वडा तथा टोल, वस्तीको सहभागितामा वृक्षारोपण गर्दै लगिनेछ।
- वन पैदावार, वनजंगल र वृक्षारोपण सम्वन्धी विशेष कार्ययोजना निर्माण गरी लागू गरिनेछ।
- खोला किनार, खोला उकास, नहर तथा कुलो किनार, सडक किनार, सार्वजानिक खाली जग्गा, पाखा वा पखेरो क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अबलम्बन गरिनेछ।

- गाउँपालिकाको तर्फबाट पीच/ढलान गरिने सबै सडक तथा बाटोहरुमा अनिवार्य रुपमा सडकको दायाँ बायाँ विरुवा रोप्नुपर्ने व्यवस्था गरी कडाईका साथ लागु गरिनेछ।
- पुनःविकीरणीय वन स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय समुदायको सहभागीता अभिबृद्धि गर्दै वन पैदावार र सोसँग समबन्धित क्रियाकलापहरूलाई अनिवार्य रुपमा राजश्वको दायरमा ल्याई सोबाट प्राप्त राजस्वले गाउँपालिकाको आर्थिक विकासमा योगदान पुर्याइनेछ।
- सान्नीत्रिवेणी गाउँपालिकाक्षेत्रभित्रका सबै बाजो जमीनका किनारमा बाँस, उत्तिस, वैस लगाएतका रुख विरुवा रोप्ने कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ।

## विपद् व्यवस्थापन

- समग्र सान्नीत्रिवेणीको जोखिम नक्साङ्कनको मार्गचित्र तयार गरिनेछ।
- विपद् मा परेका व्यक्ति तथा समुदायलाइ आवश्यक राहत सामाग्री उपलब्ध गराइनेछ।
- विपद् सम्बन्धी जनचेतनामुलक सिमुलेशन तथा कृतिम घटना अभ्यास तालिम सञ्चालन गरिनेछ।
- स्थानीय आपतकालिन सुरक्षित आवास घर निर्माणको तयारी गरिनेछ।
- यस गाउँपालिका अन्तर्गत छुट्टै विपद् व्यवस्थापन कोष बनाई यस पालिकामा साझेदार गर्न आउने सम्पूर्ण साझेदार संस्थाहरुले विपद व्यवस्थापन कोषमा आवद्ध गरी निश्चित प्रतिशत योगदान गर्नुपर्ने मापदण्ड बनाई लागू गरिनेछ।
- स्थानीय विपद जोखिम न्यनीकरण रणनितिक कार्ययोजना तथा विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिने छ। साथै स्थानीय विपद तथा हरित,उत्थानशिल तथा समाबेशी बिकास तर्जुमा गरि कार्यान्वनमा ल्याउनेछ। यस्ता योजना तयारी तथा कार्यान्वयन गर्न विकास साझेदार सस्थाहरु संग सहकार्य गरिनेछ।
- आकस्मिक रुपमा आई पर्ने माहामारी तथा बिपत जन्य बिभिन्न रोग ब्यादि,बाढि पहिरो र हावाहुरीलाई आकस्मिकरुपमा ब्यवस्थापन गर्न आकस्मिक कोषको ब्यवस्थापन र परिचालन गरिने छ।

## भुमि व्यवस्थापन तथा वस्ती विकास

- भु-उपयोग नीति जारी गरी कार्यन्वन गरिएको छ । गाउँपालिकाको  दिगो विकास तथा वातावरण संरक्षणको लागि भू उपयोग नीतिको कडाइका साथ कार्यन्वयन  गरिनेछ ।
- गाउँभित्र रहेका सरकारी, सार्वजानिक, ऐलानी, जग्गाको एकिकृत लागत तयार गरिनेछ । सो कार्यका लागि विशेष समिति गठन गरी कार्य प्रारम्भ गरिनेछ ।
- **"भुमि बैंकको"** स्थापना गरी खेती योग्य बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरिनेछ ।

**न्याय र कानून**

- सुचना प्रविधिको प्रयोगबाट न्यायिक प्रक्रियालाई सुदृढ, समयसापेक्ष, पहुँचयोग्य एवं प्रविधिमैत्री बनाउन विद्युतीय न्याय व्यवस्थापन प्रणाली (Legal Judiciary Management System-ljms) अवलम्बन गरिने छ ।
- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरूको शीघ्र निरूपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरूको प्रवन्ध मिलाइनेछ ।
- **"समुदायका विवाद- समुदायमै मेलमिलाप"** भन्ने नारा अनुरुप स्थानीयस्तरका विवादहरुलाई निरुपण गर्न मेलमिलापको नीतिलाई प्रोत्साहित गर्दै सबै वडा मेलमिलाप केन्द्रहरुको सुदृढीकरण एवं सवलिकरण  गरिनेछ ।
- "ढिलो न्याय पाउनु न्याय नपाउनु सरह हो" भन्ने मान्यतालाई आत्मसाथ गर्दै विवाद अन्त्यको लागि मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा परेका उजुरीहरूलाई तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ ।
- न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरूको विषयगत ज्ञान र क्षमता विकासका लागि विभिन्न तालिमहरु संचालन गरिनेछ ।
- संविधान, कानुन, गाउँपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ |
- गाउँपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ |
- कानूनी परामर्श सेवालाई थप प्रभावकारी बनाई समुदायमा न्यायको प्रत्याभुति गराउने गरी  सेवाप्रवाहलाई थप शसक्त र प्रभावकारी ढगले अगाडि बढाइने छ ।

**संघ संस्था साझेदारी:**

- **"सम्पूर्ण गैरसरकारी संस्थाहरुसँग गरौ हातेमालो : समृद्द पालिका बनाउने अब हाम्रो पालो"** भन्ने मुल नारालाई आत्मसाथ गर्दै गाउँपालिकाको विकास र समृदिको लक्ष्यलाई पुरा गर्न विकास साझेदार संघसंस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारीको नीति अवलम्बन गरिनेछ।
- पालिकाका भौतिक पूर्वाधार र लक्षित वर्गमा आधारित विकास परियोजनाहरु संचालन गर्दा विकास साझेदार संस्थाको कम्तिमा ८० प्रतिशत र गाउँपालिकाको बढिमा २० प्रतिशतसम्मको लागत साझेदारीमा Matching fund स्थापना गरी कार्यान्वयन गरिनेछ।
- विकास साझेदार संघसंस्थाहरुसँग हातेमालो गर्दै जनस्तरका वास्तविक समस्याहरुलाई उजागर गरी दोहोरोपन हुन नदिन एकद्वार प्रणालीमार्फत परियोजनाहरु संचालन गरिनेछ।
- परियोजना कार्यान्वयमा उत्पन्न समस्या निराकरणका लागि आवधिक समिक्षा वैठक संचालन गरिनुका साथै परियोजना संचालनमा रहेका अन्तर स्थानीय तह/प्रदेशका असल अभ्यास आदान प्रदान गर्न अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
- विकास साझेदार संघसंस्थाहरूले सञ्चालन गरेका कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्ने संयन्त्र विकास गरी कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाइने छ।

**बीमा**

- सान्नीत्रिवेणी गाउँपालिका भित्रका सम्पूर्ण नागरिकको निर्जिवन दुर्घटना बिमा कार्यक्रमको अध्ययन गरी आवश्यक कार्य अगाडी बढाइनेछ।
- यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण भोतिक संरचनाहरूको बीमा गर्नको लागि यस वर्षमा आवश्यक अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन गरी सो कार्यका लागि आवश्यक पहल गरिनेछ।

अन्तमा,

स्थानीय सरकार जनताको घरदैलोको सरकार हो यसले अन्य सरकारले नबुझेका समस्याहरू पहिचान गरी समाधान गर्छ भन्ने हाम्रो सान्नीत्रिवेणी गाउँपालिको मुल सन्देश रहेको छ । जनआकाङ्क्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीय वासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, परम्परागत कला, सस्कृति, विविधताको सम्मान गर्दै यस सान्नीत्रिवेणी गाउँपालिकालाई समृद्ध, शान्त, सभ्य ,सुरक्षित र जीवन्त बनाउने हाम्रो दृढ सङ्कल्पित छ । प्रस्तुत नीति तथा कार्यक्रमको लागि रचनात्मक सल्लाह सुझाव दिने र कार्यान्वयनमा सहयोग पुर्याउने जनप्रतिनिधिहरु, कर्मचारीहरू,राजनितिक दल, नागरिक समाज, विकास साझेदारहरू, निजी क्षेत्र,दातृ निकायहरु, मतदाता र सम्पूर्ण बुद्धिजीवीहरुलाई हृदयको गहिराईबाट धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।

जय सान्नीत्रिवेणी ।

**मोहन बहादुर के.सी**

**गाउँ सभा अध्यक्ष**

**सान्नीत्रिवेणी गाउँपालिका**

**मेहलमुडी, कालीकोट ।**